PAN 302383113
C.D.O.REGD # 10/023

# होटल संघ नेपाल
# HOTEL ASSOCIATION NEPAL
Home of Hospitality

55
YEARS OF HAN
1966-2021

Gairidhara, Kathmandu, Nepal I P.O.Box: 2151
Phone: 4412705, 4428946 I E-mail:han@ntc.net.np
**www.hotelassociationnepal.org.np**

मिति: २०८० असार १४ गते

श्रीमान् गभर्नरज्यू
नेपाल राष्ट्र बैंक
वालुवाटार, काठमाडौं ।

**विषय : आगामी मौद्रिक नीतिमा समेटिनु पर्ने होटल/पर्यटन क्षेत्रको सुझाव सम्बन्धमा ।**

महोदय,

२०८०/०८१ को मौद्रिक नीति तर्जुमाका लागि सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रममा आमन्त्रण तथा होटल पर्यटन व्यवसाय प्रवर्द्धन तथा सञ्चालन सम्बन्धमा मौद्रिक नीतिले सम्बोधन गर्ने अपेक्षा लिइएका देशभरिका सदस्य होटलहरुबाट प्राप्त निम्न विषयहरु श्रीमान् गभर्नरज्यू समक्ष प्रस्तुत गरेका छौं ।

कोभिड १९ को महामारीपछि हाल अन्तर्राष्ट्रिय स्तरमा आएको मन्दी तथा रसिया-युक्रेनको युद्धको कारणले गर्दा पेट्रोलियम पदार्थ लगायत अन्य सम्पूर्ण सामग्रीमा भएको अत्यधिक मूल्यवृद्धि र मन्दी समेतले गर्दा नेपालमा आउने पर्यटकको संख्या होटल रुमको आपूर्तिको एक चौथाईमात्र माग रहेको हुँदा तथा नेपालमा बैंक तथा वित्तीय संस्थामा विगत वर्ष देखि व्याजमा भारी मात्रामा वृद्धि भएको हुँदा पर्यटन व्यवसाय सञ्चालनमा प्राप्त गरिएका कर्जाको साँवा-व्याज भुक्तानी गर्न कठिन भएको कारणले आगामी मौद्रिक नीतिबाट निम्नानुसारको व्यवस्था मार्फत छुट सहुलियत तथा सहजीकरण प्रदान गरिदिनुहुन श्रीमान् समक्ष विनम्र अनुरोध गर्दछौं ।

चालू आ.व. को असारसम्म होटेल पर्यटन क्षेत्रलाई प्रदान भएको पुनरकर्जा/पुनरतालिकीकरणको व्यवस्था आ.व. २०८०/०८१ लाई पनि निरन्तरता दिइ यस क्षेत्रलाई टिकाउन अपरिहार्य भएको निवेदन गर्दछौं ।

साथै प्रदेश तथा जिल्ला तहमा सञ्चालित केही होटलहरु लगातार लिलामीको सूचीमा पर्न लागेकोले पर्यटन जस्तो संवेदनशील उद्योगको विषयमा नीतिगत तथा कार्यगत पुनर्विचार गरी तत्काल सञ्चालन गर्न र होटलहरु लिलामी हुनबाट जोगाउनुपर्ने टड्कारो समस्या देखिएकोले यस विषयमा नीतिगत रुपमा पुर्नविचार गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।

१) बैंकहरुले कोभिडको अवस्थामा उपलब्ध गराएको कोभिड लोन आ.व. २०७९/०८० भित्र भुक्तानी गर्नुपर्ने गरि तोके अनुसार सो कर्जा भुक्तानी गर्न बैंकबाट पर्यटन व्यवसायलाई ताकेता भएको हुँदा तीन वर्षको कोभिड अवधिको कर्जाको व्याज व्यवसाय सामान्य अवस्था नहुँदै भुक्तानी गर्न कठिनाइ भएकोले सो ऋण व्यवसायको वित्तीय अवस्थाले धान्ने गरी केही वर्ष थप गर्ने गरी किस्ताबन्दीमा भुक्तानी गर्नुपर्ने व्यवस्था गराइदिनु हुन सादर अनुरोध छ ।

२) हाल पर्यटन व्यवसाय पुरानै लयमा आइनसकेको तथा व्यवसाय सञ्चालन गर्दा हुने प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चमा भारीमात्रामा वृद्धि भएको र मागको अनुपातमा होटेल रुमहरुको अत्यधिक आपूर्ति रहेको हालको अवस्थामा विक्री मूल्य लगातार घट्ने क्रममा रहेको हुँदा नियमित किस्ता र नियमित व्याज भुक्तान गर्न कठिनाई भएकोले व्यवसायको वित्तीय अवस्था अनुसार विशेष व्यवस्था गरी व्यवहारिक ढंगमा बैंक तथा ऋणीहरुलाई सहज हुने गरी कर्जाको साँवा व्याज भुक्तानी गर्न पाउने व्यवस्थाका लागि निवेदन गर्दछौं ।

३) हाल पर्यटन व्यवसाय बजारको माग वृद्धि नभएको तर सञ्चालन खर्च बढेको कारणबाट सञ्चालन गर्न कठिनाइ भएकोले कोभिडका समयमा ५ प्रतिशत व्याजमा उपलब्ध गराइएको २० करोडसम्मको पुर्नकर्जा पुनः उपलब्ध गराउने व्यवस्थाका लागि अनुरोध गर्दछौं ।

४) बैंक तथा वित्तीय संस्थाले पर्यटन व्यवसायमा विशेष प्राथमिकतामा राखेर प्रदान गरिने कर्जामा बेस रेटमा एक प्रतिशतभन्दा नबढ्ने गरी व्याज कायम गर्दै प्रोत्साहन नीति लिँदा यस क्षेत्रको आर्थिक स्थिति सुध्रिने अपेक्षा रहेको निवेदन गर्दछौं ।

५) कर्जाको पुनर्सरचना/पुनर्तालिकीकरण गर्दा कर्जा र पुँजीको रेसियो यसअघि नेपाल राष्ट्र बैंकले तोकेको अवस्थाभन्दा कम हुन गएमा तीन वर्षभित्र सो रेसियो पूरा गर्ने शर्तमा कर्जा पुनर्संरचना/पुनर्तालिकीकरण गर्ने व्यवस्था मिलाइदिनुहुन सविनय अनुरोध गर्दछौं ।

६) पर्यटन सेवा लिने क्रममा विदेशी पर्यटकले विभिन्न अवस्थामा नेपाली रुपैयाँ ग्रहण गर्न अनुरोध भइ आएको हुँदा खाना तथा पेय पदार्थको सेवा प्रदान गर्दा नेपाली रुपैयाँमा पनि सेवा प्रदान गर्न पाउने व्यवस्था भए थप सहज हुने निवेदन गर्दछौं ।

७) भारतीय पर्यटकबाट रु. १०० भन्दा माथिको भारतीय रुपैयाँ ग्रहण गर्न अनुरोध भई आएको हुँदा सो सटही बैंक मार्फत हुने व्यवस्था भएमा सहज रुपमा सो रकम लिई सेवा प्रदान गर्न पाउनुपर्ने व्यवस्था हुनुपर्ने । साथै भारतीय पर्यटकहरुले नेपाल भ्रमणमा आउँदा रु. १ लाखसम्म भारतीय रुपैयाँ लिएर आउन सक्ने व्यवस्था भए भारतीय पर्यटन आगमन वृद्धि भई सकारात्मक सन्देश जाने हुँदा श्रीमान् समक्ष सादर अनुरोध गर्दछौं । साथै अन्तर्राष्ट्रिय पर्यटकहरुले एक पटकमा ३ सय अमेरिकी डलरभन्दा बढी सटही गर्न दिन पनि माग गर्दछौं ।

८) कोभिडपछि सार्क सदस्य राष्ट्र बंगलादेश र श्रीलंकाबाट नेपाल भ्रमणमा अत्यधिक माग बढेको क्रममा त्यहाँबाट नेपाल आउने पर्यटकहरुले बंगलादेशी टाका तथा श्रीलंकाली रुपैयाँमा समेत भुक्तानी गर्न सक्ने व्यवस्था भएमा ती देशहरुबाट आउने पर्यटकहरुको संख्या दोब्बर वृद्धि हुने हुँदा यसतर्फ पनि श्रीमान्‌को ध्यानाकृष्ट गर्न चाहन्छौं ।

९) बैंक तथा वित्तीय संस्थाले वेस रेट न्यूनतम कायम गर्न निक्षेप उठाउँदा आवधिक निक्षेप ५० प्रतिशत भन्दा बढी कायम गर्न नपाउने व्यवस्था गरी सोमा प्रदान गर्ने व्याजदर अधिकतम एक बिन्दूमा कायम गरी वेस रेटमा नियन्त्रण गरे लगानी विस्तार र सञ्चालनमा सहजता आउने र पर्यटन लगायतका व्यवसायमा परेको असर अनुरुप मसान्त सम्मको व्याज केही बुझाई केही व्याजलाई पुनरतालिकीकरण गरी भुक्तानी सहज बनाउनको साथै उक्त व्याजमा पुन व्याज नथप्ने गरी भुक्तानी गर्ने व्यवस्थाको लागि सादर अनुरोध छ ।

१०) कोभिडको अवस्थामा भुक्तानी हुनुपर्ने साँवाको किस्ता यसअघिको व्यवस्था अनुरुप भुक्तानी गर्ने भुक्तानी तालिका निधारण गरे पनि हाल आर्थिक मन्दी तथा व्याजमा भएको भारी वृद्धिका कारणले गर्दा यस्ता किस्ता भुक्तानीमा सहजिकरण गरिदिनु हुन पनि निवेदन गर्दछौं ।

११) नेपालमा पर्यटन विस्तार गर्ने मनसायले नेपालबाट विदेशमा स्वीकृत न्यूनतम तोकिएको लगानीमा अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपाली उद्योग वा कम्पनीले सम्पर्क कार्यालय वा शाखा कार्यालय खोल्न अनुमती प्राप्त भएमा नेपालमा यथेष्ट मात्रामा पर्यटकहरुको आगमन हुने र विदेशी मुद्राको आर्जन पर्याप्त रुपमा गर्न सकिने देखिएकोले नेपाली उद्योग वा कम्पनीलाई आवश्यक योग्यता तथा क्षमता तोकी सो योग्यता तथा क्षमता पुगेका उद्योग वा कम्पनीहरुलाई अन्तर्राष्ट्रिय पर्यटन बजारमा सम्पर्क कार्यालय वा शाखा कार्यालय खोल्न अनुमती प्रदान गर्नुहुन पनि निवेदन गर्दछौं ।

१२) अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपाली पर्यटन उद्योग वा पर्यटनसँग सम्बन्धीत कार्य गर्ने कम्पनीले नेपाली उद्योग वा कम्पनीको नाम तथा ब्राण्डमा होटल तथा रेष्टुराँहरुको व्यवस्थापन गर्दा प्राप्त हुने विदेशी मुद्रा नेपाल ल्याउने ब्यवस्था गरिदिनुहुन पनि सादर अनुरोध गर्दछौं ।

१३) नेपालमा चलनचल्तीका अन्तर्राष्ट्रिय चेन होटल ब्रान्डहरुले ठूला तारे लक्जरी होटेलहरुको व्यवस्थापन गर्दा प्राप्त गर्ने शुल्क (Fee) को दर समीक्षा गरी वृद्धि गर्दा नेपाली आतिथ्य उद्योगको विकास र विस्तारमा थप टेवा पुग्ने पनि श्रीमान् समक्ष निवेदन गर्दछौं ।

भवदीय,

B Shah

विनायक शाह

अध्यक्ष

HAN HOTEL ASSOCIATION NEPAL